apandainik.com
सिरहाको पहिलो 'क' वर्गको दैनिक पत्रिका

# अपन दैनिक

Apan Dainik National Newspaper
राष्ट्रिय दैनिक समाचारपत्र

जि.प्र.का द.नं. ९०/०७१/०७२
जि.हु.का. द.नं. ७३/०८०/०८१

● वर्षः १२ ● अंकः २७८ ● पृष्ठः ४ ● ०६ कार्तिक २०८३ शुक्रबार (23 October 2026. Friday) मधेश प्रदेश, सिरहा संस्करण ApanDainik मुल्यः रु.५/

**सूचना**

विजयादशमी, शुभ दीपावली तथा छठ पर्वको पावन अवसरमा आफ्नो फोटोसहितको शुभकामना विज्ञापन पत्रिकामा प्रकाशन गर्न इच्छुक महानुभाव, जनप्रतिनिधि, संघ-संस्था, राजनीतिक दल, व्यवसायी तथा सम्पूर्ण शुभेच्छुकहरूलाई समयमै सम्पर्क गर्न हार्दिक अनुरोध गरिन्छ।

आफ्नो शुभकामना सन्देश तथा फोटोसहितको विज्ञापन प्रकाशन गराउनका लागि आजै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बर**

०३३-५२१२१४, ९८५४०२१७३९, ९८५२८२१२१४

## भोटेकोशी बाढीपछि बुबाको पत्तो छैन, बालक सोध्छन् - 'दशमीयोमे पापा घर किया नइँ एलै ?'

**अपन दैनिक संवाददाता**
**राजविराज, कार्तिक ०५ गते**



चाडपर्वले गाउँभरि उत्सवको माहोल छ। तर सप्तरीको विष्णुपुर गाउँपालिका-१, खुरहुरियाका हरिनारायण यादवको दैलो भने उजाड र सुनसान छ। गत भदौ १० मा भोटेकोशी नदीमा आएको बाढीपछि बेपत्ता भएका ३५ वर्षीय छोराको चिन्ताले यादव दम्पती अझैसम्म निदाउन सकेका छैनन्। बुढेसकालको सहारा छोरा घर फर्किने आसमा उनीहरू बाटो कुरेरै दिन बिताइरहेका छन्।

'दिउँसो त जसोतसो मन बुझाउँछौं पनि तर रात परेपछि यो छाती झन् भक्कानिएर आउँछ,' बेपत्ता इन्जिनियर अजयकुमार यादवका बुबा हरिनारायणले गहभरि आँसु पार्दै भने, 'राति ओछ्यानमा निदाउन लाग्दा छोराको अनुहार आँखैअगाडि आइहाल्छ।' अजयकै मुस्कुराइरहेको अनुहार आँखाको वरिपरि घुमिरहँदा रातभरि आँसु झार्दै रात काट्नुपर्ने बाध्यता छ यादव दम्पतीको।

उनीहरूको घरमा दसैंको टीका त परै जाओस्, मिठोमसिनो पकाउन राम्ररी चुलो पनि बलेको छैन। यादव दम्पतीलाई यो पीडाभन्दा पनि अजयका साढे चार वर्षीय बालक यशराजले सोधिरहने प्रश्नले अझ बढी पिरोलिरहेको छ। बेपत्ता भएका अजयका जेठो छोरा टोलाएर बाटो हेर्दै सोध्ने गर्छन् - 'दादी (हजुरआमा)! दशमीयोमे पापा घर किया नइँ एलै?' (दसैंमा पनि बुबा किन घर आउनुभएन?)

बालकको यो प्रश्न सुन्नासाथ हरिनारायण दम्पतीका आँखा रसाउँछन्। उनीहरू निरुत्तरित हुन्छन्। नातिको जिज्ञासा मौनतामा परिवर्तन हुन्छ। यशराजलाई उनका बुबा भोटेकोशीको बाढीमा परेर बेपत्ता भएकोबारे पत्तो छैन। उनी त केवल हरेक चाडपर्वमा नयाँ लुगा र मिठाई बोकेर घर आउने, बुबाआमासँग स्थानीय मन्दिरमा पूजाआजा गर्न जाने आफ्ना बुबाको पर्खाइमा छन्। 'छोरा बेपत्ता रहेको विषय नातिलाई बुझाउने आँट नै भएन,' हरिनारायणले सुनाए, 'बिदा नपाएर बुबा घर नआएको भनी सम्झाउँदै दिन बिताइरहेका छौं।'

बाँकी पृष्ठ ३ ▸▸

## सिरहामा चोरीका तीन मोटरसाइकल सहित २५ वर्षीय युवक पक्राउ

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०५ गते**

सिरहामा चोरीका तीनवटा मोटरसाइकलसहित एक युवक पक्राउ परेका छन्। जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार पक्राउ पर्नेमा सिरहा नगरपालिका-९ गुलरिया निवासी २५ वर्षीय रिशी कुमार यादव रहेका छन्।

प्रहरी प्रवक्ता एवं डीएसपी रमेशबहादुर पालका अनुसार जिल्ला प्रहरी कार्यालय सिरहा र वडा प्रहरी कार्यालय सिरहाबाट खटिएको संयुक्त प्रहरी टोलीले विशेष सूचनाका आधारमा सिरहा नगरपालिका-७ बाट उनलाई नियन्त्रणमा लिएको हो। विभिन्न मितिमा चोरी भएका मोटरसाइकलको खोजतलास गर्ने क्रममा उनलाई मोटरसाइकलसहित पक्राउ गरिएको उनले बताए।

प्रहरीका अनुसार बरामद मोटरसाइकलमा स ८ प ७०६३ नम्बरको कालो पल्सर १५० सीसी, स ४ प १७ नम्बरको रातो युनिकर्न र नम्बर परिवर्तन गरिएको स ११ प ०६११ नम्बरको मोटरसाइकल रहेका छन्।

पक्राउ परेका यादव र बरामद मोटरसाइकललाई जिल्ला प्रहरी कार्यालय सिरहामा राखेर थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

## साउदीमा ड्रोन आक्रमणबाट एक नेपालीको मृत्यु, नेपाल सरकारको कडा निन्दा

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०५ गते**

साउदी अरेबियाको सेबा आयल फिल्डमा भएको ड्रोन आक्रमणमा परी एक नेपाली नागरिकको मृत्यु भएको छ।

बुधबार साउदी अरामकोको तेल उत्पादन तथा प्रशोधन केन्द्रलाई लक्षित गरी गरिएको उक्त आक्रमणमा एक नेपाली र एक फिलिपिनो नागरिकको ज्यान गएको हो। घटनामा एक भारतीय र एक पाकिस्तानी नागरिक घाइते भएका छन्।

साउदी ऊर्जा मन्त्रालयका अनुसार, आक्रमणका लागि आएको ड्रोनलाई साउदी वायु रक्षा प्रणालीले आकाशमै नष्ट गरेको थियो। तर, त्यसको भग्नावशेष तल खस्दा आयल फिल्डको परिसरबाहिर रहेको

बाँकी पृष्ठ २ ▸▸

## 'पीएचपी'को सुरक्षा कमजोरीको प्रभाव नेपालमा पनि, के हो यो प्रविधि ?




**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०५ गते**

विश्वभर वेबसाइट बनाउन प्रयोग हुने 'पीएचपी' नामक प्रोग्रामिङ भाषामा दुई गम्भीर सुरक्षा कमजोरी भेटिएपछि विभिन्न देशका सरकारी कार्यालय, अस्पताल, शैक्षिक संस्था र अन्य सेवाले आफ्ना वेबसाइट अस्थायी रूपमा बन्द गरेका छन्। सम्भावित साइबर आक्रमणबाट जोगिन र प्रणाली सुरक्षित बनाउन यस्तो कदम चालिएको हो।

यो समस्या नेपालसम्म पनि आइपुगेको छ। प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअन्तर्गतको राष्ट्रिय साइबर सुरक्षा केन्द्रले बिहीबार 'पीएचपी'मा देखिएका सुरक्षा कमजोरीबारे एडभाइजरी जारी गर्दै सम्बन्धित निकायलाई आफ्ना प्रणाली तत्काल अद्यावधिक गर्न आग्रह गरेको छ। केन्द्रले जोखिमपूर्ण संस्करण प्रयोग गरिरहेका प्रणालीलाई सुरक्षित संस्करणमा लैजान र तत्काल अद्यावधिक गर्न नसकिए इन्टरनेटबाट पहुँच गर्न सकिने जोखिमपूर्ण सेवा अस्थायी रूपमा अलग राख्न सुझाव दिएको छ।

नेपाल सरकारले यस्तो चेतावनी जारी गर्नुको अर्थ नेपाली वेबसाइटमा पनि यही कमजोरीका कारण आक्रमण भएको पुष्टि हुनु भने

बाँकी पृष्ठ ३ ▸▸

## दसैंको दोस्रो दिन पनि रोकिएन विदेसिने युवाको लर्को

**अपन दैनिक संवाददाता**
**काठमाडौं, कार्तिक ०५ गते**

नेपालीहरूको प्रमुख पर्व बडादसैंमा पनि रोजगारी, अध्ययन तथा अन्य विभिन्न कामका सिलसिलामा विदेसिने क्रम जारी छ।

दसैंको उल्लास, पारिवारिक भेटघाट र मान्यजनबाट टीका तथा जमरा ग्रहण गर्ने चटारो चलिरहेका बेला पनि आफ्नो भविष्य निर्माण र परिवारको आर्थिक अवस्था सुधार्ने उद्देश्यले सयौं नेपाली युवायुवती विदेश प्रस्थान गरिरहेका छन्।

काठमाडौंस्थित त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलमा आज पनि विदेश जाने यात्रुको भीडभाड त्यत्तिकै देखिन्छ। विमानस्थल हुँदै विभिन्न देशका लागि प्रस्थान गर्ने नेपालीमध्ये अधिकांश रोजगारीको खोजीमा विदेश जाने युवायुवती देखिन्छन्। यसका साथै उच्च शिक्षा हासिल गर्न, परिवारका सदस्यलाई भेट्न तथा अन्य व्यक्तिगत कामका लागि विदेश जाने नेपाली पनि विमानस्थलमा देखिएको छ।



चाडपर्वका बेला परिवारसँग बसेर खुसी साटासाट गर्ने, आफन्त तथा इष्टमित्रसँग भेटघाट गर्ने र मान्यजनबाट आशीर्वाद लिने नेपाली परम्परा छ। तर केही वर्षदेखि रोजगारी, आर्थिक अवसर र सुनौलो भविष्यको खोजीमा विदेसिने युवाको सङ्ख्या बढ्दो छ।

अन्तर्राष्ट्रिय विमानस्थलमा देखिने युवाको भीडले नेपाली समाजको बदलिँदो आर्थिक तथा सामाजिक अवस्थालाई चित्रण गर्छ। आफ्नै गाउँघर, सहर-बजार अर्थात् स्वदेशमा अध्ययन तथा पेसा-व्यवसाय गर्न छोडेर विदेशतर्फ आकर्षित हुने आमप्रवृत्तिका कारण गाउँघर रित्तो भई खेतबारी बाँझिएको अवस्था छ।

यसैबीच, रोजगारीका लागि विदेसिन लागेका सिरहाका लखनकुमार यादवले नेपालमा पर्याप्त रोजगारीका अवसर

बाँकी पृष्ठ ४ ▸▸

**जुवातास खेल्नु र खेलाउनु कानूनी अपराध हो**

**जुवातास खेले वा खेलाएमा, मुलुकी अपराध संहिता, २०७४ को दफा १२५ मा**

- पहिलो पटक खेल्ने वा खेलाउनेलाई तीन महिनासम्म कैद वा तीस हजारसम्म जरिवाना,
- दोश्रो पटकमा एक वर्षसम्म कैद र पचास हजार रुपैंयासम्म जरिवाना,
- त्यसपछि हरेक पटक थप तीन महिनासम्म कैद र दश हजार रुपैंयासम्म जरिवाना,
- जुवा खेल्न प्रयोग भएको साधन, जुवाखालमा प्राप्त सम्पूर्ण चल अचल सम्पत्ति जफत हुनेलगायतका कानूनी व्यवस्था छ।



**त्यसैले जुवातास नखेलौं-नखेलाऔं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**






प्रकाशक/सम्पादक : शुभ नारायण कामती
: ९८५४०२१७३९
: ९८०१३२१७३९
डेस्क ब्यूरो : रुन्केश कामती
विज्ञापनका लागि सम्पर्क : ९८५२८२१२१४ (रुन्केश)
कानुनी सल्लाहकार : विरेन्द्र कुमार सिंह (अधिवक्ता)
कार्यालय : सिरहा नगरपालिका ७, सिरहा
सम्पर्क : ०३३-५२१२१४
ईमेल : news@apandainik.com
ads@apandainik.com
apandainik@gmail.com
apan.dainik14@gmail.com(Add.)
फेसबुक पेज : www.facebook/ApanDainik
वेबसाइड : www.apandainik.com
मुद्रक : अम्बिका अफसेट प्रेस लहान
**प्रकाशित सामग्रीबारे कुनै गुनासो, सूचना तथा सुझाव भए हामीलाई जनकारी गराउनुहोला वा ईमेलमा पठाउनु होला ।**

## सम्पादकीय...

### दुर्गा पूजापछि सरसफाइमा ध्यान देउ

शारदीय नवरात्रा हर्षोल्लास, श्रद्धा र भक्तिभावका साथ सम्पन्न भएको छ। सिरहा जिल्लाका गाउँदेखि बजारसम्म विभिन्न स्थानमा दुर्गा भवानीको प्रतिमा स्थापना गरी भव्य मेला आयोजना गरियो। धार्मिक आस्था, सांस्कृतिक परम्परा र सामाजिक सद्भावको प्रतीकका रूपमा रहेको मेलाले स्थानीय समुदायमा उत्साह थप्ने काम गर्छन्। नवरात्र सम्पन्न भएसँगै दुर्गा भवानीका प्रतिमाहरू विसर्जन गरिएका छन्। तर, मेला सम्पन्न हुनु र मूर्ति विसर्जन हुनुलाई मात्र उत्सवको पूर्णता मान्न सकिँदैन्। मेला स्थलको सरसफाइ र फोहर व्यवस्थापन पनि उत्तिकै महत्त्वपूर्ण पक्ष हो। धार्मिक उत्सवले समाजलाई एकताबद्ध बनाउँछ। तर, उत्सवपछि उत्पन्न हुने फोहरको उचित व्यवस्थापन गर्न सकिएन भने त्यही उत्सव जनस्वास्थ्य र वातावरणका लागि चुनौती बन्न सक्छ। विशेषगरी पशु बलि दिइएका स्थानमा रगत, मासुका अवशेष तथा अन्य जैविक फोहर जथाभावी छाडिँदा दुर्गन्ध फैलिने, झिँगा र अन्य कीरा बढ्ने तथा विभिन्न रोगको जोखिम उत्पन्न हुने सम्भावना हुन्छ। त्यसैले यस्ता स्थानमा तत्काल सरसफाइ गरी जैविक फोहरको सुरक्षित व्यवस्थापन गर्न आवश्यक छ।

त्यसैगरी, मेला स्थलमा प्रयोग गरिएका प्लास्टिकका झोला, पानीका बोतल, खाद्यवस्तुका खोल, डिस्पोजेबल प्लेट र गिलासलगायतका फोहर पनि गम्भीर चुनौती हुन्। यस्ता फोहर सडक, नाला, खुला ठाउँ तथा जलस्रोतमा पुग्दा वातावरण प्रदूषित हुन्छ। नाला थुनिने, दुर्गन्ध फैलिने र सार्वजनिक स्थानको सौन्दर्य बिग्रिने समस्या पनि देखिन्छ। त्यसैले धार्मिक मेला आयोजना गर्दा फोहर संकलन गर्ने व्यवस्था मिलाउनु र मेला सकिएपछि त्यसको उचित व्यवस्थापन गर्नु आयोजकको दायित्व हो। यस विषयमा स्थानीय तहको भूमिका झनै महत्त्वपूर्ण हुन्छ। सिरहा जिल्लाका स्थानीय तहले आ-आफ्नो क्षेत्रका मेला स्थलको अवस्थाबारे अनुगमन गरी सरसफाइ अभियान सञ्चालन गर्नुपर्छ। आवश्यकताअनुसार सफाइ कर्मचारी परिचालन गर्ने, फोहर संकलनका लागि डस्टबिन राख्ने, जैविक र प्लास्टिकजन्य फोहर छुट्याउने तथा संकलित फोहरको उचित व्यवस्थापन गर्ने व्यवस्था मिलाउनुपर्छ। पशु बलि दिइएका स्थानमा विशेष सरसफाइ र दुर्गन्ध नियन्त्रणलाई प्राथमिकतामा राख्नुपर्छ। यसमा सम्बन्धित वडा कार्यालय, आयोजक समिति, स्थानीय युवा क्लब तथा नागरिक समाजले पनि सहकार्य गर्न सक्छन्। मेला आयोजना गर्नुअघि भव्य सजावट, विजुली व्यवस्था, पूजा व्यवस्थापन र मनोरञ्जनका कार्यक्रमलाई प्राथमिकता दिने गरिन्छ। तर मेला सकिएपछि सरसफाइ कसले गर्ने भन्ने विषयमा पर्याप्त ध्यान नदिने प्रवृत्ति हट्नुपर्छ। उत्सवका लागि आवश्यक तयारी गरेजस्तै उत्सवपछिको फोहर व्यवस्थापनका लागि पनि बजेट, जनशक्ति र जिम्मेवारी सुनिश्चित गरिनुपर्छ। धार्मिक तथा सांस्कृतिक कार्यक्रमलाई स्वच्छ र व्यवस्थित बनाउने जिम्मेवारी आयोजकको मात्र नभई स्थानीय सरकार र आम नागरिकको पनि हो।

नागरिकले पनि आफ्नो जिम्मेवारी बिर्सनु हुँदैन। फोहर जथाभावी नफाल्ने, तोकिएको स्थानमा मात्र फोहर राख्ने, प्लास्टिकको प्रयोग घटाउने र सरसफाइ अभियानमा सहभागी हुने बानी विकास गर्नुपर्छ। धार्मिक आस्था र स्वच्छ वातावरण एकअर्काका विरोधी होइनन्। बरु, सफा र व्यवस्थित धार्मिक स्थलले श्रद्धालुमा सकारात्मक सन्देश दिन्छ र धार्मिक उत्सवको गरिमा बढाउँछ। त्यसैले शारदीय नवरात्रको सफलता भव्य पूजा, आकर्षक प्रतिमा र ठूलो मेलामा मात्र सीमित हुनु हुँदैन्। उत्सवपछि मेला स्थल कति सफा रह्यो, फोहरको व्यवस्थापन कसरी गरियो र स्थानीय बासिन्दाले कस्तो वातावरण पाए भन्ने विषयले पनि यसको सफलता निर्धारण गर्छ। त्यसैले सिरहाका स्थानीय तह, मेला आयोजक समिति र नागरिक सबैले उत्सवपछिको सरसफाइलाई साझा जिम्मेवारीका रूपमा लिनुपर्छ। दुर्गा भवानीको पूजा र प्रतिमा विसर्जनसँगै फोहरको उचित व्यवस्थापन तथा स्वच्छ वातावरण निर्माणमा पनि उत्तिकै प्रतिबद्ध बनौं। धार्मिक उत्सवको वास्तविक सुन्दरता आस्थासँगै स्वच्छता, स्वास्थ्य र वातावरण संरक्षणमा पनि झल्किनुपर्छ।

❍ ग्राहक बन्नु परेमा।
❍ नवीकरण गर्नु परेमा।
❍ ठेगाना परिवर्तन भएमा।
❍ पत्रिका नियमित नआएमा।
सिधा सम्पर्क
०३३-५२१२१४
बिहान १० बजे देखि ५ बजेसम्म

# च्याम्पियनदेखि पुछारसम्म पुगेको जनकपुरले फर्काउला पहिलो सिजनको साख ?

जनकपुर बोल्ट्स नेपाल प्रिमियर लिग (एनपीएल)को पहिलो संस्करणको च्याम्पियन टोली हो। दोस्रो संस्करणमा ठिक उल्टो नतिजा आयो। जनकपुर जम्मा एक खेल मात्र जित्दै अन्तिम स्थानमा रह्यो।

मधेश प्रदेशको प्रतिनिधित्व गर्ने जनकपुरले सुरुवाती दुई सिजनमै ठूलो उतारचढाव बेहोरिसकेको छ। पहिलो च्याम्पियन, च्याम्पियन पछिको सिजनमा अन्तिम स्थान, मार्की प्लेअर भन्दा फरक खेलाडी कप्तान बनाउने, मार्की प्लेअर रिलिज गर्ने, विदेशी खेलाडीलाई कप्तान नियुक्त गर्ने जस्ता विभिन्न विशेषता जनकपुर बोल्टसँग छ।




जनकपुर मार्की प्लेअरलाई कप्तान नबनाउने पहिलो टिम हो भने मार्की रिलिज गर्ने पनि पहिलो टिम हो। पहिलो सिजनमा विकेटकिपर आसिफ शेख मार्की भएपनि जनकपुरले अनिल शाहलाई पहिलो सिजन कप्तान बनाएको थियो।

पहिलो संस्करणमा लिगमा दोस्रो भएको जनकपुर पहिलो क्वालिफायरमा सुदूरपश्चिमसँग पराजित भएको थियो। तर दोस्रो क्वालिफायरमा कर्णालीलाई हराउँदै फाइनल पुगेको जनकपुरले सुदूरपश्चिमसँग बदला लिँदै पहिलो च्याम्पियन बन्यो।

दोस्रो सिजन जनकपुरले कमजोर प्रदर्शन गर्दा कप्तान परिवर्तन गर्नेदेखि बेन्चमा राख्नेसम्मको काम भयो। तेस्रो सिजनअघि जनकपुरले अझ बोल्ड डिसिजन गर्‍यो, मार्की तथा राष्ट्रिय टिमकै विकेटकिपर ब्याटर आसिफ शेखलाई रिलिज गर्ने।

आसिफ रिलिजपछि जनकपुरले स्पीनर ललित राजवंशीलाई नयाँ मार्की प्लेअर बनाएको छ। ललितसँगै अनिल शाह, मयन यादव, आदित्य महता र विकाश आग्रीलाई मात्र जनकपुरले रिटेन गरेको थियो।

**रिटेन र अक्सन**

दोस्रो सिजन जनकपुरले ७ खेलाडी रिटेन गरेको थियो। तर तेस्रो सिजनमा भने त्यसमध्ये अनिल र ललित मात्र रिटेन भए भने दोस्रो सिजन अक्सनबाट अनुबन्ध भएका मयन यादव, विकास आग्री र आदित्य महतालाई तेस्रो सिजनमा रिटेन गरेको छ।

जनकपुरले आसिफसँगै किशोर महतो, रुपेश सिंह, शुभ कंशाकार जस्ता खेलाडीलाई रिलिज गरेको छ।

पहिलो सिजन च्याम्पियन बनेपछि जनकपुरले दुई युवा बलर शेर मल्ल र हेमन्त धामीलाई रिलिज गरेको थियो। शेरले दोस्रो सिजन लुम्बिनीबाट खेल्दै लगातार दुई एनपीएल जिते। हेमन्तले पनि सुदूरपश्चिम रोएल्सबाट दोस्रो सिजन खेल्दै राम्रो प्रदर्शन गरे।

जनकपुरले तेस्रो सिजनका लागि अक्सनबाट सबैभन्दा धेरै ८ खेलाडी अनुबन्ध गरेको छ।

जनकपुरले अक्सनमा तृतराज दासलाई १५ लाखमा अनुबन्ध गरेको थियो। तृतसँगै जनकपुरले अभिषेक तिवारी, विशाल पटेल, अमरसिंह रौटेला, रित गौतम, सन्तोष कार्की, आशुतोष पाण्डे र विशाल सुस्लिङलाई अनुबन्ध गरेको छ। मुख्य मिडियम पेसरहरु रिलिज गरेको जनकपुरले अक्सनमा भने ब्याटरमा जोड दिएको छ।

चार विदेशी खेलाडी अनुबन्ध गर्दा समेत जनकपुरमा विशेषज्ञ फास्ट बलर भने छैन।

**हर्मीत नयाँ कप्तान, नीशमको पुनरागमन र मोइन अलीको आगमन**

मार्कीसहित घरेलु खेलाडी फेरबदल गरेको जनकपुरले यस पटक विदेशी खेलाडीमा भने उत्कृष्ट अनुबन्ध गरेको छ। टिमले अहिलेसम्म ४ विदेशी अनुबन्ध गरेको छ।

अघिल्ला दुई सिजन सुदूरपश्चिम रोयल्सबाट खेलेका अमेरिकन स्पीन बलिङ अलराउण्डर हर्मीत सिंहलाई अनुबन्ध गर्दै नयाँ कप्तान नै बनाएको छ।

यस्तै पहिलो सिजन जनकपुरलाई च्याम्पियन बनाउन भूमिका खेलेका नीशम फेरि जनकपुर बोल्ट्समा फर्किएका छन्। यस्तै इंग्ल्यान्डका भेट्रान स्पीन अलराउण्डर मोइन अलीललाई समेत जनकपुरले अनुबन्ध गरेको छ भने पाकिस्तानी भेट्रान ब्याटर इफ्तिखार अहमदलाई पनि भित्र्याएको छ।

जनकपुरले यस पटक एनपीएलमा राम्रो अनुभव बटुलेका दुई खेलाडी हर्मीत र नीशमसँगै अन्तर्राष्ट्रिय स्तरका अनुभवी दुई खेलाडी समेत भित्र्याएको छ। अझै दुई विदेशी खेलाडी अनुबन्ध गर्न बाँकी रहेको अवस्थामा जनकपुरको टिम सन्तुलित बनेको छ।

आसिफलाई रिलिज गरेपनि जनकपुरमा विकेटकिपरको रूपमा अनिल शाह हुनेछन्। यस्तै अक्सनबाट विकेटकिपर सन्तोषलाई भित्र्याएको छ तर सन्तोषले प्लेइङ सेटमा अवसर कति पाउँछन् हेर्न बाँकी छ।

जनकपुरका चार विदेशी खेलाडीमा तीन जना अलराउण्डर छन्। हर्मीत र मोइनले स्पीन बलिङ गर्दा नीशमले मिडियम पेस बलिङ गर्छन्। यसले गर्दा बलिङमा पनि सहयोग पुग्नेछ। इफ्तिखारले मिडल अर्डरमा ब्याटिङ गर्नेछन्।

स्पीनरमा नयाँ मार्की ललित राजवंशी पनि हुनेछन् भने आदित्य महता पनि छन्। हर्मीत र मोइन अली हुँदा जनकपुरको स्पीन डिपार्टमेन्ट बलियो देखिन्छ।

तर पेस बलिङमा भने राम्रा नेपाली खेलाडी छैनन्। रिटेन भएका विकास आग्री र अक्सनबाट आएका अमर सिंह राउटेला पेस बलिङ अलराउण्डर हुन्। तर दुवै पहिलो रोजाइका बलर भने होइनन्। यी दुई मध्ये एक मात्र पहिलो रोजाइमा खेल्न सक्छन्।

अलराउण्डर नीशमले पेस बलिङ गर्छन्। अब जनकपुरलाई मुख्य पेस बलर आवश्यक देखिन्छ।

टप अर्डरमा अनिल शाह, मयन यादव छन्। विकल्प रित र सन्तोष पनि छन्। मिडल अर्डरमा तृतराज दास छन्। मिडल अर्डरमा विदेशी खेलाडी मोइन अली, नीशम, इफ्तिखारदेखि हर्मीतसम्म छन्। आवश्यक परे मोइन अलीले ओपनिङ पनि गर्नेछन्।

जनकपुरको ब्याटिङ र स्पीन बलिङमा विक्लप भएपनि पेस बलिङ भने कमजोर देखिएको छ।

**जनकपुर बोल्ट्स टिम**

रिटेन गरिएका खेलाडी : अनिल कुमार शाह, ललित राजवंशी, मयन यादव, विकाश आग्री, आदित्य महता
अक्सनबाट अनुबन्ध गरेको खेलाडी : तृतराज दास, अभिषेक तिवारी, विशाल पटेल, अमरसिंह रौटेला, रित गौतम, सन्तोष कार्की, आशुतोष पाण्डे, विशाल सुस्लिङ
विदेशी खेलाडी : हर्मीत सिंह, इफ्तिखार अहमद, जिमी नीशम, मोइन अली
मुख्य प्रशिक्षक : शिवनराइन चन्द्रपल
प्रशिक्षक : मनोज कटुवाल

## साउदीमा ड्रोन आक्रमणबाट एक नेपालीको ........

ठेकेदारको गाडीमा आगो लागेको थियो, जसमा परी ती कामदारहरूको मृत्यु भएको हो।

यस घटनाप्रति नेपालको परराष्ट्र मन्त्रालयले गहिरो दुःख व्यक्त गर्दै आक्रमणको निन्दा गरेको छ। मन्त्रालयले बिहीबार जारी गरेको सन्देशमा मृतक नेपाली नागरिकप्रति श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ।

साथै, घटनामा घाइते भएका सबैको शीघ्र स्वास्थ्य लाभको कामनासमेत गरेको छ।

मन्त्रालयले सर्वसाधारण नागरिक र महत्त्वपूर्ण पूर्वाधारहरूलाई लक्षित गरी हुने सबै प्रकारका आक्रमणहरूको स्पष्ट रूपमा भर्त्सना गरेको छ। आफ्नो सैद्धान्तिक अडानलाई पुनः पुष्टि गर्दै मन्त्रालयले भनेको छ, 'नेपाल सधैं संवाद, वार्ता र कूटनीतिक संलग्नतासहितका माध्यमबाट विवादहरूको शान्तिपूर्ण समाधान गर्न निरन्तर आह्वान गर्दछ।'

पछिल्ला केही हप्तायता यमनका इरान समर्थित हुथी विद्रोहीहरूले साउदी अरेबियाका विमानस्थल र ऊर्जा पूर्वाधारहरूलाई लक्षित गरी शृङ्खलाबद्ध आक्रमणहरू गर्दै आएका छन्।

**लेखरचना, समाचार वा विज्ञापन पठाउदाँ वेलुका ६ बजे भित्र पठाउनुहोला वा मेल गरिसकेपछि जानकारी गराउनुहोला अन्यथा ६ बजेपछि पठाइएका लेखरचना, समाचार वा विज्ञापन सोहि दिनको पत्रिकामा समावेश गर्नको लागि असमर्थ रहनेछौ।**

अपन दैनिक

*सिरहा नगरपालिका ७, पंचमुखी हनुमानजी चौक,*
*मधेश प्रदेश सिरहा नेपाल*

## आजको राशिफल

**मेष** : व्यक्तिगत कुराहरू विश्वासयोग्य व्यक्तिसँग मात्र साझा गर्नु बुद्धिमानी हुनेछ।

**बृष** : आर्थिक कारोबारमा पूर्ण स्पष्टता राख्नुहोला। पारिवारिक आनन्द प्राप्तिका लागि आपसी छलफललाई प्राथमिकता दिनुहोस्।

**मिथुन** : निर्णय लिनुअघि तथ्य बुझ्ने बानी बसाल्नुहोस्। अध्ययन तथा लेखन क्षेत्रमा प्रगति हुनेछ।

**कर्कट** : महत्त्वपूर्ण कागजातहरूको सुरक्षामा ध्यान दिनुहोस्। आर्थिक स्थिरता आउनेछ। घर परिवारमा शान्ति कायम रहनेछ।

**सिंह** : अनावश्यक विवादबाट टाढा रही आफ्ना प्राथमिकता अनुसार जीवनलाई अघि बढाउने प्रयास गर्नुहोस्।

**कन्या** : दीर्घकालीन लक्ष्यलाई ध्यानमा राखेर नयाँ योजनाहरू सुरु गर्ने दिन हो।

**तुला** : पारिवारिक भेटघाट र सम्बन्ध सुधारका लागि आजको दिन निकै राम्रो छ। सामाजिक कार्यमा सहभागिता बढ्नेछ।

**वृश्चिक** : भविष्यका योजनाहरू गोप्य राखेर मात्र अघि बढाउनुहोस्। लगानीका क्षेत्रबाट राम्रो मुनाफा मिल्ने योग बनेको छ।

**धनु** : परिवारको भावना बुझ्ने बानीले ठूलो जीम्मेवारी दिलाउनेछ। आजको शुभ रंग रातो हो भने शुभ अंक ३ रहेको छ।

**मकर** : व्यापारिक यात्रा सफल हुनुका साथै सम्बन्धित विषयवस्तु निर्माणका नयाँ अवसर देखिनेछन्।

**कुम्भ** : नयाँ साथीहरूसँगको भेट र व्यावसायिक छलफलले मन प्रफुल्लित हुनेछ।

**मीन** : वैदेशिक क्षेत्र वा टाढाको यात्रासँग काममा सफलता मिल्नेछ। मान्यजनबाट विशेष सहयोग प्राप्त भएर स्फूर्ति बढ्नेछ।

**राशिफल जे जस्तो भएपनि तपाईको दिन शुभ रहोस्।**



**ज्योतिष डा. बिबेक पाण्डेय**
जन्मकुण्डली हस्तरेखा परामर्शको लागि सम्पर्क नं. ९७०२५२७८३२

# फेसबुकको गल्ती: न्यु मेक्सिकोमा मेटालाई किन तोकियो २५ अर्ब डलर जरिबाना ?

✍अपन दैनिक संवाददाता
काठमाडौं, कार्तिक ०५ गते

डाटा गोपनीयताका विषयमा उपभोक्ताहरूलाई जानाजानी भ्रमित पारेको ठहर गर्दै न्यु मेक्सिकोका एक न्यायाधीशले मेटा प्लेटफर्म्सलाई अमेरिकी राज्य न्यु मेक्सिकोलाई २५ अर्ब डलर तिर्न आदेश दिएका छन्।

फैसलाको तीन हप्ताभन्दा बढी समयपछि आएको आदेशमा न्यायाधीश फ्रान्सिस म्याथ्युले लेखेका छन्, 'फेसबुकको गल्ती जुन वर्षौंदेखि र योजनाबद्ध रूपमा सर्वसाधारणमाझ प्रसारण गरिएको छ- फेसबुकको मुख्य व्यावसायिक अभ्यासको केन्द्रमै प्रहार गर्दछ।'

न्यायाधीशले राज्यको कानुनअनुसार २१९ अर्ब डलरभन्दा बढी जरिवाना हुनुपर्ने निष्कर्ष निकालेका थिए, तर उनले त्यसलाई घटाएर २५ अर्ब डलर कायम गरेका हुन्। न्यु मेक्सिकोका महान्यायाधिवक्ता राउल टोरेजले यो अमेरिकी इतिहासमै कुनै कम्पनीविरुद्ध राज्यले गरेको सबैभन्दा ठूलो (वा ठूलामध्येको एक) फैसला भएको बताएका छन्।

यता, मेटाका प्रमुख कानुनी अधिकारी सीजे महोनीले भने कम्पनीले पुनरावेदनमा जित्ने विश्वास व्यक्त गरेका छन्। उनले एक विज्ञप्ति जारी गर्दै भनेका छन्, 'यो फैसला र यसको कार्यान्वयनमा महान्यायाधिवक्ताको दृष्टिकोणले न्यु मेक्सिको राज्यमा व्यापार गर्न लगभग असम्भव बनाइदिएको छ। मूल रूपमा, यो मुद्दा अनलाइनमा मानिसहरूले के बोल्न पाउँछन् भन्ने नयाँ नियमहरू लागू गर्न अभिव्यक्तिमाथि कर लगाउने प्रयास हो।'

**मुद्दा के हो ?**

क्याम्ब्रिज एनालिटिकाले थर्ड-पार्टी एपमार्फत ८ करोड ७० लाख फेसबुक प्रयोगकर्ताको व्यक्तिगत डाटा सङ्कलन (चोरी) गरेको खुलासा भएपछि न्यु मेक्सिकोका महान्यायाधिवक्ताले सन् २०२१ मा मेटाविरुद्ध मुद्दा दायर गरेका थिए।

हाल बन्द भइसकेको बेलायती राजनीतिक परामर्शदाता कम्पनी क्याम्ब्रिज एनालिटिकाले सन् २०१६ को निर्वाचनका क्रममा फेसबुक डाटा सङ्कलन गरी लक्षित राजनीतिक विज्ञापनहरू बनाएको थियो। त्यतिबेला उक्त कम्पनीले डोनाल्ड ट्रम्पको सफल राष्ट्रपतीय अभियानका लागि काम गरेको थियो।

राज्यले मेटामाथि न्यु मेक्सिकोका फेसबुक प्रयोगकर्ताहरूलाई उनीहरूको डाटामा कसको पहुँच छ भन्नेबारे झुट बोलेको र प्लेटफर्ममा पोस्ट हुने घृणास्पद अभिव्यक्ति र भ्रामक सूचनाहरूको व्यवस्थापनमा लापरवाही गरेको आरोप लगाएको थियो।

राज्यका वकिलहरूले फेसबुकका सीईओ मार्क जुकरबर्गले सन् २०१० मा वासिङ्टन पोस्टमा लेखेको एक लेखलाई उद्धृत गरेका थिए, जसमा उनले कम्पनीले प्रयोगकर्ताको डाटा नबेच्ने दाबी गरेका थिए।

तर कम्पनीले थर्ड-पार्टीहरूलाई प्रयोगकर्ताको डाटामा व्यापक पहुँच भएको कुरा थाहा पाएर पनि नाफाका लागि घृणास्पद अभिव्यक्ति वा अन्य हानिकारक सामग्रीलाई बेवास्ता गरेको आरोप वकिलहरूले लगाएका छन्।

न्यु मेक्सिकोका महान्यायाधिवक्ता टोरेजले यो फैसला सिलिकन भ्यालीका लागि एउटा स्पष्ट सन्देश हुनुपर्ने बताएका छन्।

**के मेटाले अन्य मुद्दाहरू पनि खेपिरहेको छ ?**

किशोरकिशोरीको मानसिक स्वास्थ्यमा इन्स्टाग्राम र फेसबुकले पारेको असरलाई लिएर मेटाले हजारौं मुद्दा र सांसदहरूको दबाव सामना गरिरहेको छ।

कम्पनीले फेसबुक र इन्स्टाग्रामलाई बालबालिकाहरूलाई लत लाग्ने गरी डिजाइन गरेको दाबीसहित राज्यका महान्यायाधिवक्ताहरूको गठबन्धनले दायर गरेको मुद्दाको सुनुवाइ अगस्टमा क्यालिफोर्नियाको सङ्घीय अदालतमा सुरु भएको छ। यसले कम्पनीलाई ठूलो क्षतिपूर्ति तिर्न र आफ्ना प्लेटफर्महरूमा व्यापक परिवर्तन गर्न

बाँकी पृष्ठ ४ ▸▸






## 'पीएचपी'को सुरक्षा कमजोरीको प्रभाव नेपालमा पनि ...........

होइन। तर नेपालका सरकारी निकाय, सञ्चारमाध्यम, व्यवसाय र अन्य संस्थाले 'पीएचपी'मा आधारित वेबसाइट चलाइरहेका छन् भने तिनले आफ्नो प्रणाली जोखिममा छ कि छैन भनेर जाँच गर्नुपर्ने भएको छ।

राष्ट्रिय साइबर सुरक्षा केन्द्रले कार्तिक ५ गते जारी गरेको एडभाइजरीमा 'पीएचपी' का दुई सुरक्षा कमजोरीबारे जानकारी दिँदै जोखिमपूर्ण संस्करण प्रयोग गरिरहेका प्रणाली तत्काल सुरक्षित बनाउन आग्रह गरेको छ। केन्द्रका अनुसार 'पीएचपी' ८.५ प्रयोग गर्ने प्रणालीलाई कम्तीमा ८.५.१२, पीएचपी ८.४ लाई ८.४.२७, पीएचपी ८.३ लाई ८.३.३६ र पीएचपी ८.२ लाई ८.२.३५ संस्करणमा अद्यावधिक गर्नुपर्छ।

राष्ट्रिय साइबर सुरक्षा केन्द्रले पीएचपी ८.१ वा त्योभन्दा पुरानो संस्करणका लागि सम्बन्धित सुरक्षा सुधार उपलब्ध नभएकाले त्यस्ता प्रणालीलाई नयाँ सुरक्षित संस्करणमा लैजान भनेको छ। तत्काल अद्यावधिक गर्न नसकिने अवस्थामा इन्टरनेटबाट पहुँच गर्न सकिने जोखिमपूर्ण सेवा अस्थायी रूपमा अलग राख्न वा सार्वजनिक पहुँच बन्द गर्न पनि केन्द्रको सुझाव छ।

**के हो 'पीएचपी' र किन यसले विश्वभर चिन्ता बढायो ?**

सामान्य भाषामा भन्दा 'पीएचपी' वेबसाइट चलाउन प्रयोग हुने कम्प्युटर भाषा हो। यो वेबसाइटको पर्दापछाडि काम गर्छ। उदाहरणका लागि, तपाईंले कुनै समाचार वेबसाइट खोल्नुभयो भने त्यसको सर्भरमा रहेको 'पीएचपी' ले आवश्यक सामग्री तयार पार्छ र तपाईंको ब्राउजरमा देखिने पेज पठाउँछ। अर्थात्, तपाईंले स्क्रिनमा देख्ने वेबसाइट तयार पार्न यसले पर्दापछाडि भूमिका खेल्छ।

अन्तर्राष्ट्रिय सञ्चार एजेन्सी रोयटर्सका अनुसार 'पीएचपी' निःशुल्क प्रयोग गर्न पाइन्छ र यसको स्रोत कोड सबैका लागि खुला छ। विश्वभरका प्रोग्रामरहरूले यसको विकास र सुधारमा योगदान गर्छन्। वेबसाइट चलाउने धेरै मानिसले 'पीएचपी' सँग प्रत्यक्ष काम गर्नुपर्दैन किनकि यो उनीहरूले प्रयोग गर्ने वेबसाइट निर्माण प्रणालीभित्रै काम गरिरहेको हुन्छ।

वेब प्रविधिको प्रयोगबारे तथ्यांक राख्ने संस्था 'डब्लुटेक्स'का अनुसार प्रोग्रामिङ भाषा पहिचान गर्न सकिएका वेबसाइटमध्ये झन्डै ७० प्रतिशतमा 'पीएचपी' प्रयोग हुन्छ। करिब ४० प्रतिशत वेबसाइट चलाउन प्रयोग हुने 'वर्डप्रेस' पनि 'पीएचपी' मै आधारित छ। त्यसैले व्यक्तिगत ब्लगदेखि साना व्यवसायका वेबसाइट, सरकारी पोर्टल, अनलाइन पसल र समाचार वेबसाइटसम्ममा 'पीएचपी' प्रयोग हुन सक्छ।

यसको अर्थ विश्वका ७० प्रतिशत वेबसाइट नै अहिले जोखिममा छन् भन्ने होइन। कुन संस्करण प्रयोग गरिएको छ, त्यसमा सुरक्षा अपडेट गरिएको छ कि छैन र वेबसाइटको सर्भर कसरी सञ्चालन भइरहेको छ भन्ने आधारमा वास्तविक जोखिम फरक पर्छ। तर एउटै भाषामा देखिएको कमजोरीले धेरै वेबसाइटलाई एकैपटक जोखिममा पार्न सक्ने भएकाले यसले विश्वव्यापी चिन्ता बढाएको हो।

**पासवर्डबिनै सर्भरमा पहुँच बनाउन सक्ने जोखिम**

'पीएचपी'मा देखिएका दुई सुरक्षा कमजोरीलाई 'सिभिई-२०२६-१०९६१८' र 'सिभिई-२०२६-१०९६१९' नाम दिइएको छ। साइबर सुरक्षा क्षेत्रमा कुनै कमजोरी पहिचान भएपछि त्यसलाई अरूले पनि चिन्न र त्यसबारे प्राविधिक जानकारी आदानप्रदान गर्न सकुन् भनेर यस्तो पहिचान नम्बर दिइन्छ।

बेलायती सञ्चारमाध्यम द गार्डियनका अनुसार यी कमजोरीको दुरुपयोग गर्न सके आक्रमणकारीले प्रभावित सर्भरमा अनधिकृत कोड चलाउन वा संवेदनशील जानकारीसम्म पहुँच बनाउन सक्छन्। त्यसका लागि सामान्य अवस्थामा प्रयोगकर्ताले लगइन गरेजस्तो पासवर्ड आवश्यक नपर्न पनि सक्छ।

यस्तो पहुँच प्राप्त भएमा वेबसाइटको सामग्री परिवर्तन गर्ने, प्रयोगकर्ताको संवेदनशील जानकारी चोर्ने वा सर्भरलाई अन्य साइबर आक्रमणका लागि प्रयोग गर्ने जोखिम हुन्छ। तर कमजोरी भेटिनु र सबै जोखिमपूर्ण वेबसाइटमा सफल आक्रमण हुनु फरक कुरा हो। कुनै वेबसाइटमा आक्रमण भएको पुष्टि गर्न त्यससम्बन्धी प्राविधिक प्रमाण आवश्यक हुन्छ।

यी दुवै कमजोरीको गम्भीरता मापन गर्ने अन्तर्राष्ट्रिय प्रणालीमा १० मा ९.२ अंक दिइएको छ। यसलाई गम्भीर सुरक्षा जोखिमको श्रेणीमा राखिएको छ।

**वेबसाइट किन बन्द गरिए ?**

रोयटर्सका अनुसार बुधबार युरोपका विभिन्न देशका सरकारी कार्यालय, विद्यालय र अस्पतालका वेबसाइट बन्द गरिएका थिए। जर्मनी, फ्रान्स, नेदरल्यान्ड्स, फिनल्यान्ड र चेक गणतन्त्रलगायत देशका निकायले जोखिम कम गर्न यस्तो कदम चालेका थिए।

केही सरकारी वेबसाइट अस्थायी रूपमा बन्द गरिनुको कारण सुरक्षा अपडेट लागू गर्नुअघि सम्भावित जोखिम कम गर्नु थियो। जर्मनीका अधिकारीले त्यहाँका केही सरकारी वेबसाइट बन्द गर्ने निर्णय सावधानीका लागि गरिएको र त्यसबेला कुनै सुरक्षा घटना भएको जानकारी नभएको बताएका थिए।

द गार्डियनले पनि युरोपका विभिन्न सरकारी वेबसाइट बन्द गरिएको समाचार प्रकाशित गरेको छ। त्यसका अनुसार बेलायतका एडिनबरा, ब्रिस्टल र अक्सफोर्ड नगर परिषद्का वेबसाइटसमेत अस्थायी रूपमा बन्द गरिएका थिए। फ्रान्सका स्थानीय प्रशासनका वेबसाइट र नेदरल्यान्ड्सको सरकारी डिजिटल सेवा पनि प्रभावित भएका थिए।

## भोटेकोशी बाढीपछि बुबाको पत्तो छैन ...........

चार वर्षअघि भित्र्याइएकी बुहारी सुरेखाको अवस्था हेरर पनि उनीहरू बेचैन छन्। पूर्वशिक्षक हरिनारायणले पेसाबाट अवकाश पाएपछि पारिवारिक जिम्मेवारीसमेत मुक्त भइसकेको ठाने पनि जेठो छोरा नै बेपत्ता भएपछि अबोध नातिहरूको भरणपोषण र शिक्षादीक्षाको जिम्मेवारी थपिएको बताउँछन्। यशराज (नाति)को अनुहार हेर्दै भन्छन्, 'अब त यिनीहरूका लागि भए पनि बाँच्नुपर्छ।'

बेपत्ता परिवारले सरकारको अनुभूति गर्न नपाउँदा पनि हरिनारायणलाई चित्त दुखेको छ। 'सरकार हाम्रो लागि होइन र ? हामीलाई राहत चाहिएको छैन तर असह्य पीडा पर्दा पनि सान्त्वना दिनसम्मै कोही नआएको दुखेसो छ,' उनले थपे, 'भोटको बेला खुट्टै ढोग्ने जनप्रतिनिधिहरूले पनि हाम्रो लागि १० मिनेटसम्मको समय नदिँदा मन भक्कानिन्छ।' उनले अन्य बेपत्ता परिवारमा भइरहेको छाक टार्ने समस्यामा सरकारले आफ्नो उपस्थितिको अनुभूति गराउन नसकेकोप्रति चिन्ता व्यक्त गरे। 'हाम्रै जिल्लामा धेरैजसो बेपत्ता परिवारलाई छाक टार्न हम्मेहम्मे छ,' उनले भने, 'तर स्थानीयदेखि प्रदेश र संघीय सरकारसम्मले वास्ता गरेको छैन। आखिर, कसका लागि सरकार हो ?'

बाढीमा परी सर्वस्व गुमाएकाहरू पनि पालमुनि रात गुजार्न बाध्य हुनु अत्यन्तै दुःखद् अवस्था हो नै तर देशका विभिन्न जिल्लाबाट रोजगारीका क्रममा रहेका व्यक्तिहरू बेपत्ता हुँदा तिनका परिवार झन् पीडामा रहेको हरिनारायण बताउँछन्। 'बेपत्ता रहेकाहरूकै कमाइले चुलो बल्ने अवस्थाका धेरै परिवार छन्, उनीहरूका परिवारमा चुलो बल्यो कि बलेन ? खोजी गर्ने दायित्व सरकारको हो कि होइन ?' प्रश्न गर्दै उनी भन्छन्, 'तीन तहको सरकार छ तर पीडित परिवारसम्म कुनै पनि नपुग्नुले सरकार र जनप्रतिनिधिको जिम्मेवारी र जवाफदेहिता प्रस्ट हुन्छ।'

हरिनारायणले करिब दुई महिना हुन लाग्दा पनि सरकारले बेपत्ताको खोजी र पहिचानमा ठोस पहल नगरेको गुनासो पोखे। 'अहिलेसम्म न त सास पाइयो, न त लास नै,' उनले भक्कानिँदै भने, 'नातिले बुबा खोज्छ, हामीसँग दिने कुनै जवाफ छैन। सरकारले कम्तीमा खोजी र पहिचान गरिदिए हुन्थ्यो।'

बाढीपछि उनीहरू अजयको खोजी गर्न नुवाकोटको बट्टारस्थित नं. १ सैन्य तालिम केन्द्रसम्मै पुगेका थिए। आमसञ्चार प्राधिकरण मधेश प्रदेशका पूर्वअध्यक्षसमेत रहेका दाजु श्यामसुन्दर, भाइ जयप्रकाशलगायत इन्जिनियर अजयलाई खोज्न रसुवा पुगेका थिए। तर उनीहरूले चौतर्फी चहार्दा पनि अजयलाई खोज्न सकेनन्। उनको अझैसम्म पनि कुनै पत्तो छैन। अजयको खोजी र पहिचानका लागि हरिनारायणले गत भदौ १९ गते गजेन्द्रनारायण सिंह अस्पताल राजविराज पुगेर डीएनए परीक्षणका लागि रगतको नमुनासमेत दिए।

तर रगत दिएको डेढ महिना बितिसक्दा पनि अजयको पहिचान भए/नभएको भनी पीडित परिवारले कुनै खबर पाएका छैनन्। 'डीएनए परीक्षणको पर्खाइ पनि डेढ महिना भइसक्यो तर अझैसम्म कुनै खबर पाएको छैन,' उनले भने, 'यताउता फोन गरेर सोध्दा चित्तबुझ्दो जवाफ पनि पाएको छैन।'

डीएनए रिपोर्ट पनि नआएका कारण इन्जिनियर अजयको संस्कारसम्बन्धी कुनै कार्य अगाडि बढ्न सकेको छैन। उनीहरू सरकारी निर्णयको पर्खाइमा छन्। बेपत्ता अजयका जेठो छोरा यशराज र कान्छो छोरा सिद्धार्थ ३ वर्षका छन्।

बेपत्ता अजय उत्तरगया गाउँपालिका-५ स्थित नीलकण्ठ माध्यमिक विद्यालय बोगटीटारमा प्राविधिक शिक्षकका रूपमा कार्यरत थिए। उनी बेत्रावती बजारमा डेरा लिएर बस्दै आएका थिए। बाढी आएको बेला अजय डेरामै रहेको परिवारजनको भनाइ छ। भोटेकोशीको बाढीमा प्रदेशमै सबैभन्दा बढी सप्तरीबाटै बेपत्ता छन्। मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पर्सा ४१, बारा २२, रौतहट २२, सर्लाही २०, महोत्तरी ९, धनुषा ७, सिरहाका १० र सप्तरीका ४८ गरी १६९ जना बेपत्ता छन्।

# ७२ प्रतिशत युट्युब क्रिएटरले प्रयोग गर्छन् जेनेरेटिभ एआई

**अपन दैनिक संवाददाता**
**सिरहा, कार्तिक ०५ गते**



युट्युबले भिडियो क्रिएटरहरूले आफ्नो काममा एआई टुलको प्रयोग कसरी गरिरहेका छन् भन्नेबारे नयाँ अनुसन्धान प्रतिवेदन सार्वजनिक गरेको छ।

युट्युबको 'कल्चर एन्ड ट्रेन्ड्स' शृङ्खलाअन्तर्गत अनुसन्धान संस्था एनआरजीसँग मिलेर गरिएको यस अध्ययनले क्रिएटरहरूमा जेनेरेटिभ एआईप्रतिको आकर्षण तीव्र रूपमा बढेको देखाएको छ।

अध्ययनअनुसार, पछिल्लो १२ महिनामा कम्तीमा एउटा भिडियो अपलोड गरेका १४ देखि ४४ वर्ष उमेर समूहका क्रिएटरमध्ये ७२ प्रतिशतले भिडियो वा तस्बिर बनाउन एआई प्रविधिको प्रयोग गरेको पाइएको छ।

**आफैँलाई एआई भिडियोमा प्रस्तुत गर्ने ट्रेन्ड र जोखिम**

जेनेरेटिभ भिडियो प्रविधिको उपयोगिताबारे अनेकौँ शङ्का-उपशङ्का कायम रहेकै बेला मानिसहरूले यसलाई व्यक्तिगत मनोरञ्जन र रचनात्मकताका लागि व्यापक प्रयोग गर्न थालेका छन्।

युट्युबका अनुसार एआई भिडियो पोस्ट गर्ने दुई-तिहाइभन्दा बढी मानिसले एआईको मद्दतले आफैँलाई भिडियो सामग्रीको केन्द्रमा प्रस्तुत गरेका छन्। सर्वेक्षणमा सहभागी ६१ प्रतिशत मानिसले एआईमार्फत आफैँलाई भिडियोभित्र 'इन्सर्ट' गर्न इच्छुक रहेको बताएका छन्।

युट्युबमा यो फिचर सबैभन्दा लोकप्रिय बने पनि यसले नयाँ चुनौतीहरू थपेको विश्लेषकहरूको भनाइ छ। भिडियोमा कुनै व्यक्तिलाई एआईमार्फत फरक परिवेश वा भूमिकामा ढाल्दा भ्रामक सूचना, गलत पहिचान वा सामाजिक भ्रामकता फैलाउने जोखिम उच्च रहन्छ।

युट्युबले यसबारे टिप्पणी गर्दै भनेको छ, 'आफैँलाई एआई सामग्रीमा जोड्दा मानिसहरूलाई आफ्नो जीवनको निर्देशक आफैँ बनेको अनुभूति हुन्छ जहाँ उनीहरूले आफूलाई कुनै कमेडी नाटकको मुख्य पात्र बनाउन सक्छन् वा आफ्नो पारिवारिक इतिहासलाई एउटा ऐतिहासिक कालखण्डको चलचित्रमा ढाल्न सक्छन्।'

**फेसन डिजाइनदेखि गेमिङ र सिनेमाटिक संसारसम्म**

प्रतिवेदनले एआई टुलको प्रयोग साधारण भिडियो सम्पादनमा मात्र सीमित नरहेर नयाँ रचनात्मक संसार निर्माण गर्नसमेत भइरहेको देखाएको छ।

मानिसहरूले डिजिटल माध्यमबाट आफ्नो भूमिका परिवर्तन गरिरहेका छन्। उदाहरणका लागि, भिडियोमा शारीरिक व्यायाम शिक्षकलाई विद्यार्थीहरूको नजरमा डाक्टर, न्यायाधीश वा 'सुपरहिरो'को भूमिकामा रूपान्तरण गरिएको छ।

त्यस्तै, नयाँ फेसन डिजाइनरहरूले आफ्ना परिकल्पनाहरूलाई वास्तविक रूप दिन एआई प्रयोग गरिरहेका छन् भने कतिपयले भिडियो गेमका दृश्यहरूभित्र आफूलाई समावेश गराएका छन्।

युट्युबका अनुसार धेरै क्रिएटरहरूले आफ्नो दिमागमा रहेका काल्पनिक र सिनेमाटिक ब्रह्माण्डलाई स्क्रिनमा ल्याउन एआईको प्रयोग गरिरहेका छन्, जसले उनीहरूलाई उच्च गुणस्तरको भिडियो दृश्य निर्माण गर्न सक्षम बनाएको छ।

**के हो बढेको चुनौती ?**

एआई प्रविधिको पहुँचले गर्दा पहिले असम्भव मानिएका विचारहरूलाई पनि भिडियोमा उतार्न सहज भएको छ, जसले मानिसको रचनात्मक अभिव्यक्तिलाई नयाँ उचाइ दिएको छ।

यद्यपि, अहिले सामाजिक सञ्जाल र भिडियो प्लेटफर्महरूमा एआईद्वारा बनाइएका कम गुणस्तरका वा सस्तो खालका सामग्री (एआई स्लप) को बाढी आइरहेको छ।

यस्तो अवस्थामा गुणस्तरीय र अर्थपूर्ण कथावाचनलाई कसरी जोगाउने र प्रवर्द्धन गर्ने भन्ने नयाँ चुनौती युट्युबजस्ता प्लेटफर्महरूका अगाडि खडा भएको छ।

## दसैँको दोस्रो दिन पनि रोकिएन विदेसिने ............

नहुँदा विदेश जान बाध्य भएको बताए। उनले भने, "योग्यता र क्षमताअनुसारको काम स्वदेशमै पाउने सुनिश्चित भइदिएको भए दसैँको बीचमा परिवार छाडेर विदेश जाने मन थिएन। आफूसहित परिवारको भविष्यका लागि विदेश जाँदैछु।"

शिक्षा, स्वास्थ्यको व्यवस्थासहित परिवारको दैनिकी चलाउने, आर्थिक अवस्था सुधार्ने र भविष्यका लागि केही बचत गर्ने उद्देश्यले नेपाली युवा विदेसिने गरेको उनको भनाइ छ।

विमानस्थलमै भेटिएका गुल्मीका प्रकाश खत्री स्वदेशमा पर्याप्त रोजगारीका अवसर सिर्जना नहुँदा आफ्नो भविष्य निर्माणका लागि युवा पुस्ताको विदेश रोजाइ हुने गरेको बताउँछन्।

"नेपालमा रोजगारीको अवसर नभएको, भएपनि सेवासुविधा न्यून रहेको र एकाधबाहेक विदेश जानेहरुको आर्थिक, शैक्षिक तथा सामाजिक हैसियत राम्रो देखिएकाले चाडपर्वमा रमाउने भन्दा पनि सुनौलो भविष्यका लागि विदेशलाई नै रोज्नुपर्ने अवस्था छ," उनले भने।

यसैगरी, छोरालाई विदेश पठाउन विमानस्थल आउनुभएका कैलालीका ठक्कर कलेल वैदेशिक रोजगारीले परिवारको आर्थिक अवस्था सुधार्न तथा जीवनस्तर उकास्न सहयोग पुऱ्याए पनि देशभित्रको सक्रिय जनशक्ति यसरी विदेसिँदा मुलुकमा दीर्घकालीन चुनौती उत्पन्न हुनसक्ने बताउँछन्।

दक्ष तथा मेहनती युवा विदेश पलायन हुँदा कृषि, उद्योग, निर्माण, पर्यटन र उत्पादनमूलक क्षेत्रमा आवश्यक जनशक्तिको अभाव हुन सक्ने उहाँको चिन्ता छ।

## फेसबुकको गल्ती: न्यु मेक्सिकोमा मेटालाई किन तोकियो ............

बाध्य पार्न सक्छ।

यसका साथै, कम्पनीले सङ्घीय कानुनको उल्लङ्घन गर्दै बालबालिकाको डाटा अवैध रूपमा सङ्कलन र प्रयोग गरेको भन्दै २९ वटा राज्यले दायर गरेको मुद्दाको पनि यसले सामना गर्नेछ। त्योसँग सम्बन्धित मुद्दामा अन्य छ वटा राज्यले ४५ करोड ९० लाख डलरमा सम्झौता गरेका छन्। यो सम्झौता किशोरकिशोरीको मानसिक स्वास्थ्यमा कम्पनीका प्लेटफर्महरूले पुऱ्याएको क्षतिका दाबीहरू समाधान गर्न मेटाले अगस्टमा गरेको १७ अर्ब डलरको बहु-राज्य सम्झौताको एउटा हिस्सा हो।

यसअघि यसै वर्षको सुरुमा, न्यु मेक्सिकोले इन्स्टाग्राम र फेसबुकमा युवाहरूको यौन शोषणलाई सहज बनाएको र प्लेटफर्मको सुरक्षाबारे उपभोक्ताहरूलाई भ्रमित पारेको दाबीसहित मेटाविरुद्धका दुई मुद्दामा ९४ करोड २० लाख डलर जितेको थियो।

कर्पोरेट संस्थाहरूप्रति कडा नीतिको वकालत गर्ने गैरनाफामूलक संस्था अमेरिकन इकोनोमिक लिबर्टिज प्रोजेक्टले पछिल्लो २५ अर्ब डलरको जरिवाना मेटाका लागि समुन्द्रमा एक थोपा जस्तै भए पनि यसले मानिसहरू जवाफदेहिता चाहन्छन् भन्ने कुरा देखाएको बताएको छ।

संस्थाकी कार्यकारी निर्देशक निधि हेग्डेले भनिन्, 'अहिले उनीहरू 'म्युज' नामक एआई असिस्टेन्ट ल्याउँदैछन्, जसले मानिसहरूलाई बैंक खातादेखि मेडिकल जानकारीसम्म सबै कुरा यसलाई सुम्पन प्रोत्साहित गरिरहेको छ। त्यसैकारण हामीलाई उनीहरूलाई नियन्त्रण गर्न साहस भएका निकाय र वास्तविक रूपमा प्रभावकारी कानुनहरूको आवश्यकता छ।' (अलजजिरा लगायतको सहयोगमा)








